Mission East
- values in action

Save the Children

Funded by
European Union
Civil Protection and
Humanitarian Aid

# नेपालको भूकम्पप्रभावित क्षेत्रमा सञ्चालित समुदायमा आधारित समावेशी विपद् जोखिम न्यूनीकरण कार्यक्रमका सिकाईहरू



डिसेम्बर २०१७

**नेपालको भूकम्प प्रभावित क्षेत्रहरुमा पुनर्लाभ तथा पुनर्निर्माणका लागि समुदायमा आधारित समावेशी विपद् पूर्वतयारी प्रवर्द्धन कार्यक्रम**

रामेछाप, ओखलढुंङ्गा, सिन्धुपाल्चोक, दोलखा २०७३।७४-२०७४।७५

Mission East - values in action   साझेदारी संस्थाहरु   Save the Children   DPNet Nepal   सहास नेपाल SAHAS-NEPAL   दुकी संघ सुनकोशी सिन्धुपाल्चोक

Funded by
European Union
Civil Protection and
Humanitarian Aid

## पृष्ठभूमि


नेपालमा २०७२ बैशाखमा गएको दुई वटा शक्तिशाली भूकम्पले व्यापक जनधनको विनाश गर्‍यो । यो विपद्ले नेपालमा सामुदायिक स्तरमा अझ बलियो विपद् पूर्वतयारी, जिल्लास्तरमा विपद् प्रतिकार्यका लागि सूचना व्यवस्थापन र समन्वयमा क्षमता अभिवृद्धि र राष्ट्रियस्तरमा विपद् जोखिम व्यवस्थापनलाई निर्देशित गर्ने नीतिको खाँचो रहेको औंल्याएको छ ।

मिसन इस्टले परियोजना साझेदार सेभ द चिल्ड्रेनको साथ र राष्ट्रिय तथा जिल्लास्तरीय साझेदारहरूसँगको सहकार्यमा भूकम्प प्रभावित चार वटा जिल्लामा समावेशी तथा सन्दर्भ सुहाउँदो समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन (सीबीडीआरएम) परियोजना सञ्चालन गर्‍यो । परियोजनाका लागि यूरोपियन यूनियनको नागरिक संरक्षण तथा मानवीय सहायता कार्यसञ्चालन विभाग (ECHO) बाट आर्थिक सहयोग प्राप्त भएको थियो ।

यो संक्षिप्त प्रतिवेदनमा मुख्य सिकाईहरू र नेपलमा विपद् जोखिम न्यूनीकरण र उत्थानशीलता कार्यक्रम कार्यान्वयन गरिरहेका अन्य संस्थाहरूका लागि सुझावहरु प्रस्तुत गरिएको छ ।

## परियोजना सारंश

| | |
|---|---|
| **परियोजनाको शीर्षक** | नेपालको भूकम्प प्रभावित क्षेत्रको पुनर्लाभ र पुनर्निर्माणमा समावेशी समुदायमा आधारित विपद् पूर्वतयारीको प्रर्बद्धन् |
| **उद्देश्य** | समुदायमा आधारित समावेशी र लचिलो विपद् जोखिम व्यवस्थापन, सुधारिएको समन्वय र सूचना व्यवस्थापन र नीतिगत पैरवीमार्फत विपद् जोखिम व्यवस्थापनमा समुदायगत र संस्थागत क्षमता सुदृढ गर्ने । |
| **समयावधि** | १ मे २०१६ देखि ३१ डिसेम्बर २०१७ |
| **आर्थिक सहयोग** | यूरोपियन यूनियन (ई.यू) |
| **बजेट** | १२ लाख यूरो |
| **कार्यक्षेत्र** | ४ जिल्लाका तत्कालीन १८ वटा गाउँ विकास समिति (गाविस)हरू : रामेछाप, ओखलढुंगा, दोलखा, सिन्धुपाल्चोक |





*प्रकोप, संकटासन्नता र क्षमता मुल्याङ्कन साधनको अभ्यास गर्दै स्थानीय विपद् व्यवस्थापन समितिका सदस्यहरू*

## मुख्य उपलब्धिहरू

समावेशी समुदायमा आधारित विपद् पूर्वतयारी परियोजनाले मुख्य योगदान पुर्‍याएको प्रमुख उपलब्धिहरूको सारंश देहाय अनुसार रहेको छ :

- १८ तत्कालीन गाउँ विकास समिति (गाविस)हरूमा सीमान्तकृत र संकटासन्न समूहहरूको प्रतिनिधित्व सहित स्थानीय विपद् व्यवस्थापन समितिहरूको गठन । ती समितिहरूलाई स्थानीयस्तरमा ५ हजार भन्दा बढी व्यक्तिको सहभागितामा १५० भन्दा बढी सहभागितामूलक र समावेशी प्रकोप, संकटासन्नता र क्षमता मुल्याङ्कन कार्यको नेतृत्व गर्न सहयोग प्रदान ।
- समुदायस्तरमा प्रकोप, जोखिम र विपद्का बारेमा बुझाई र ज्ञानमा वृद्धि, र विपद्का जोखिमहरू न्यून गर्न योगदान दिनेतर्फ व्यक्तिगत दायित्वको भावनाको विकासमा वृद्धि । परियोजनाको अन्त्यमा घरपरिवार सर्वेक्षणका झण्डै ९०% सहभागीहरूले विपद् जोखिम न्यूनीकरणमा आफ्नो बुझाई र ज्ञानमा वृद्धि भएको बताए ; र आफ्नो समुदायमा विपद्का जोखिम न्यून गर्न अब आफैं केही गर्न सक्ने छु भन्नेहरूको प्रतिशत दोब्बर भन्दा बढीले वृद्धि ।
- स्थानीय विपद् व्यवस्थापन समितिद्वारा १८ गाविसहरूमा स्थानीय विपद् जोखिम व्यवस्थापन योजना निर्माण गरी त्यसमा विपद्का जोखिमहरू, मुख्य न्यूनीकरण कार्यक्रम, र विपद् जोखिम न्यूनीकरणका लागि ५ बर्षीय कार्य योजनाको खाका प्रस्तुत । सो योजनाको कार्यान्वयनका लागि १७ वटा परियोजना गाविसहरूमा स्थानीय सरकारको तहबाट बजेट बिनियोजनको प्रतिबद्धता ।
- स्थानीय विपद् जोखिम व्यवस्थापन योजनामा उल्लेख गरिएका ४० भन्दा बढी सानोस्तरका विपद् जोखिम न्यूनीकरण योजनाहरूलाई समावेशी तथा परामर्शजन्य प्रक्रियामार्फत प्राथमिकता प्रदान गरी कार्यान्वयन । ती कार्यक्रमहरू, विशेषगरी पहिरो नियन्त्रण र खानेपानी आपूर्ति सुरक्षामा केन्द्रित रही १२ हजार जना भन्दा बढीको विपद् जोखिम र संकटासन्नतालाई न्यून गर्ने काम गरिएको ।
- स्थानीय विपद्बाट प्रभावित घरपरिवारका लागि सानो अनुदान उपलब्ध गराउन १७ वटा परियोजना गाविसहरूमा आपतकालीन कोषको स्थापना । कोषको सही प्रयोग र उपयोग भएको अवस्थामा त्यसको पूर्ति गर्ने योजनाका लागि कोष परिचालन मापदण्ड र निर्देशिकाको निर्माण ।

- विपद् प्रतिकार्यका लागि विभिन्न सरोकारवालाहरूको सक्रिय सहभागितामा १८ वटा गाविसस्तरीय र चार वटा जिल्लास्तरीय विपद् पूर्वअभ्यासको आयोजना जसमा बिभिन्न सरोकारवाला निकायहरूको बाक्लो उपस्थीति थियो  जस्तै – तालिम प्राप्त कार्यदलहरु (प्राथमिक उपचार, खोज तथा उद्धार, क्षति तथा आवश्यकता मुल्याङ्कन कार्यदलहरु), स्थानीय विपद् व्यवस्थापन समिति, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, स्थानीय गैसस, स्थानीय विद्यालय र अस्पताल, रेडक्रस, क्लस्टरहरू र नेपाल सरकारका नवनिर्वाचित जनप्रतिनिधि, जिल्ला कार्यालयहरु र  सम्बन्धीत निकायहरु ।
- द्रुत र समन्वयात्मक प्रतिकार्यका लागि आवश्यक सूचनासहित चार वटा *अनलाईन* जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र सूचना व्यवस्थापन प्रणालीको स्थापना ।
- विभिन्न सरोकारवालाहरूसँगको परामर्शजन्य प्रक्रियामार्फत स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्देशिकाको विकास ; विपद् र जलवायु जोखिम व्यवस्थापनलाई एकीकृत गरी बढी समावेशी र लचिलो निर्देशिकाद्वारा स्थानीय विपद् जोखिम व्यवस्थापन योजना निर्देशिकाको प्रतिस्थापन ।
- नेपाल सरकारद्वारा जारी विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन, जसले सबैतहको सरकारलाई विपद् जोखिम न्यूनीकरण र विपद् जोखिम व्यवस्थापनको कार्यादेश प्रदान गर्छ । यो राष्ट्रिय नीतिको निर्माणका लागि विगत धेरै बर्षदेखि सहयोग उपलब्ध गराइएको र परियोजना साझेदारहरूले सञ्चारमाध्यममार्फत पैरवी, परामर्श, बैठक र कार्यशालाद्वारा दबाव सिर्जना गरेको ।



*तलिममा खोज र उद्धारको अभ्यास गर्दै सामुदायिक खोज तथा उद्धार कार्यदलकी एक जना सदस्य*

## मुख्य सिकाईहरू

परियोजनाको कार्यान्वयनका मुख्य सिकाईहरूको सारंश देहाय अनुसार रहेको छ :

- **समुदायका सदस्यहरूको उपलब्धता, सहजता र प्रथामिकताको** आधारमा सामुदायिकस्तरका क्रियाकलापहरूको निर्माण र कार्यान्वयनले अधिकांश जनताको उच्च प्रतिबद्धता र सक्रिय सहभागिता सुनिश्चित गर्छ । यो अवधारणा अन्ततः सबैभन्दा समावेशी छ र सबैभन्दा बढी प्रभाव पार्ने सम्भावना पनि छ । यो खेतीको मौसम, दैनिक ज्यालादारीमा काम गर्ने व्यक्तिको प्रतिबद्धता, महिलाहरूको घरयासी र हेरचाहजन्य जिम्मेवारी र धार्मिक/साँस्कृतिक चाडपर्वलाई ध्यानमा राख्दै परियोजनाका क्रियाकलापहरूका लागि सबैभन्दा उपयुक्त मिति र समयका लागि सहमति कायम गर्न सान्दर्भिक छ । लचिलो हुन पनि आवश्यक छ, जस्तैः अधिकांश व्यक्तिका लागि एक दिने क्रियाकलाप दुई दिन गरेर आधा-आधा दिन गरेको राम्रो हुनसक्छ ।
- **समुदायामा आधारित विपद् जोखिम न्यूनीकरण सन्दर्भ सुहाउँदो छ भनेर सुनिश्चित गर्न लचिलोपना महत्वपूर्ण छ ।** उदाहरणका लागि, पूर्व चेतावनी प्रणाली कार्यदल (बाढीको बढी जोखिम हुने तराई क्षेत्रका लागि बढी सान्दर्भिक) को भूमिका र जिम्मेवारीहरूमा क्षति र आवश्यकता मुल्याङ्कन गर्ने भूमिका समावेश गर्न अनुकूलन गर्ने ।
- **समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणमा** सबैभन्दा संकटासन्न र सीमान्तकृत समूहहरूलाई **वास्तविक रूपमा समावेश गरिएको सुनिश्चित** गर्न सम्पूर्ण परियोजना चक्रमै र सबै परियोजना क्रियाकलापहरूमा प्रतिबद्धता आवश्यक हुन्छ, जसबाट उपयुक्त प्रबृत्ती, सञ्चार, पहुँचयोग्यता र सहभागिता (ACAP) सुनिश्चित गर्न सकियोस् । वास्तविक रूपमा समावेशी अवधारणा सुनिश्चित गर्न परियोजनाका मुख्य क्रियाकलापहरूमा सहभागी हुनसक्नेहरूसम्म पुग्न थप प्रयास गरिनुपर्छ । उदाहरणका लागि, स्थानीय विपद् जोखिम व्यवस्थापन योजनाको व्याख्या गर्न र उनीहरूको सरोकारका विषयहरू सम्बोधन भए, नभएको बुझ्न सीमान्तकृत समूहहरूसँग लक्षित परामर्श र खास रूपले तयारी गरिएको सूचना, शिक्षा र सञ्चार सामग्रीमार्फत उपयुक्त जानकारी प्रदान गर्न अपाङ्गता भएका व्यक्तिहरूसम्म घरदैलो कार्यक्रम ।
- परियोजनाका क्रियाकलापहरूमा समावेशीकरणको मापन र अनुगमन गर्न प्रबृत्ती, सञ्चार, पहुँचयोग्यता र सहभागिता (ACAP) समावेशी मार्कर असल उपाय सावित भयो । यसले समावेशीकरण सुनिश्चित गर्न केन्द्रित व्यक्तिहरूमात्र नभई परियोजनाका सबै कर्मचारीहरूका लागि नियमित रूपमा स्मरण र दिशानिर्देश गर्ने माध्यमको पनि काम गर्‍यो । समावेशीकरण मार्कर *टुवर्ड्स इन्क्लुजन (सन् २०१७), मिसन इस्ट, आइसीसीओ कोअपोरेसन र लाइट फर द वर्ल्ड* मा उल्लेखित धेरै साधनहरू मध्ये एक हो ।
- **जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र** (DEOC) द्रुत, समन्वयात्मक र प्रभावकारी विपद् प्रतिकार्यका लागि अत्यावश्यक छ । सूचना व्यवस्थापनको भूमिका महत्वपूर्ण छ र चार वटा नयाँ *अनलाईन* सूचना व्यवस्थापन प्रणालीले सान्दर्भिक तथ्याङ्कका लागि एउटा केन्द्रीय र सहज स्थान उपलब्ध गराउँछ । रामेछाप जिल्लाको प्रणालीका लागि यहाँ हेर्नुहोस् :www.implatformnepal.com/ramechhap/.



## तारा, दोलखा जिल्ला

"प्रशिक्षक प्रशिक्षण तालिमंमा सहभागी भएपछि म अब विपद् जोखिम न्यूनीकरणको मुख्य प्रशिक्षक बनेकी छु । वास्तवमा विपद् जोखिम न्यूनीकरणसम्बन्धी तालिम लिएको यो मेरो पहिलो पटक हो । तालिम वास्तविक रुपमै धेरै ज्ञानवर्द्धकथियो । विपद्का कारणहरूलाई हामीले पहिचान र नक्सांकन गर्न सके, हामीले समयै मै योजना बनाएर त्यसलाई लागु गरी विपद्लाई रोक्न उपयुक्त कदम चाल्न सक्ने रहेछौं भन्ने मैले सिकें ।

तालिमको सबै भन्दा सुन्दरपक्ष भनेको त्यसले सैद्धान्तिक पक्षलाई मात्र नसमेटी स्थलगत अभ्यासमार्फत स्थानीय विपद जोखिम व्यवस्थापन योजना कसरी बनाउने भन्ने बारेमा व्यवहारिक ज्ञान पनि उपलब्ध गराउनु हो ।

स्थानीय विपद जोखिम व्यवस्थापन योजना समुदायहरूका लागि ज्यादै प्रभावकारी र महत्वपूर्ण दस्तावेज हो, जसले स्थानीय तहमा जनधन र जीविकोपार्जनका माध्यमहरूमा पुग्ने क्षतिलाई न्यून गर्न मद्दत गर्दछ । योजना सही ढंगबाट समुदायका व्यक्तिहरूको सल्लाह अनुसार समयमै लागु हुने हो भने त्यसले जनधन र जीविकोपार्जनका माध्यमलाई बचाउन सक्छ । २०७२ को भूकम्प अघि नै स्थानीय विपद जोखिम व्यवस्थापन योजना निर्माण गरिएको भए, दोलखामा भएको जनधनको क्षति त्यति ठूलो हुने थिएन ।"

- **नियमित विपद् पूर्वअभ्यास** मुख्य सरोकारवालाहरूका लागि रहेका कुनै कमीकमजोरीमाथि प्रकाश पार्न, आफ्ना सिकाईहरूलाई व्यवहारमा लागु गर्न, आत्मविश्वास निर्माण गर्न, आ-आफ्नो भूमिका तथा जिम्मेवारी स्पष्ट गर्न र समुदाय तथा जिल्लास्तरमा समन्वयात्मक विपद् प्रतिकार्य संयन्त्रबारे चेतना जगाउन धेरै प्रभावकारी हुन्छ ।
- **विपद् जोखिम न्यूनीकरणसम्बन्धी मुख्य प्रशिक्षक** प्रशिक्षण परियोजनाको कार्यक्षेत्रमा दीर्घकालीन रूपमा रहेका सरकारवालाहरूलाई उपलब्ध गराउनु लक्षित क्षेत्रमा विपद् जोखिम न्यूनीकरणसम्बन्धी ज्ञान र क्षमताले निरन्तरता पाएको सुनिश्चित गर्ने एउटा प्रभावकारी उपाय हो । विपद् जोखिम न्यूनीकरणका लागि मुख्य प्रशिक्षक लागि उपयुक्त उम्मेद्वारमा स्थानीय सरकारी कर्मचारीका साथै स्थानीय विद्यालयका शिक्षक/शिक्षिका, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (एलजीसीडीपी) सामाजिक परिचालक, जिल्लास्तरीय गैसस प्रतिनिधि, स्थानीय विपद् व्यवस्थापन समितिका सक्रिय सदस्यहरू र वडा सचिव आदि रहेका छन् ।
- **अन्य सरोकारवालाहरूसँगको नियमित समन्वय** सम्बन्धीत सिकाईहरू विस्तार गरी त्यस अनुसार काम भएको सुनिश्चित गर्ने र मुख्य क्रियाकलापहरूमा जिम्मेवारी र खर्चको बाँडफाँट गर्ने सम्भावनाको पहिचान गर्ने प्रभावकारी उपाय हो । परियोजनामार्फत भएका बहुसरोकारवाला संवाद समुदायका सदस्यहरूलाई सम्बन्धित निकायसँग सम्पर्क गराउन र भूकम्प पुनर्लाभ तथा पुनर्निर्माण प्रक्रियामा उनीहरूलाई जवाफदेही ठहर्‍याउन प्रभावकारी सावित भए । यी सबै कार्यले अल्पकालीन परियोजनाहरूको समयावधि भन्दा पनि दीर्घकालीन अनुगमन तथा सहयोग संयन्त्रको निर्माण गर्नमा सहयोग पुर्‍याउँदै अन्ततः परियोजनाको प्रतिफलहरूको दिगोपना बढाउने काम गर्छ ।
- राष्ट्रिय नीति र रणनीतिका लागि पैरवीको पहुँच बढाउनमा सञ्चार माध्यमलाई संलग्न गराउने कार्य अझ व्यापक रूपमा जनतासम्म पुग्ने र सम्बन्धित राजनीतिक प्रतिनिधिहरूबाट प्रतिबद्धता लिने प्रभावकारी उपाय हो, जसले सबै सम्बन्धित सरोकारवालाहरूलाई जवाफदेही ठहर्‍याउन मद्दत गर्दछ ।



*संकटासन्न समूहहरूसँगको जनचेतना अभिवृद्धि सत्रमा विभिन्न विषयबारे छलफल गर्दै स्थानीय विपद व्यवस्थापन समितिका सदस्यहरू*

## मुख्य सुझावहरु

नेपालमा विपद् जोखिम न्यूनीकरण र उत्थानशिलता कार्यक्रमहरू कार्यान्वयन गरिरहेको अन्य संघसंस्थाहरूको विचारका लागि देहाय अनुसारका मुख्य सुझावहरु प्रस्तुत गरिएको छ :

- समुदायस्तरका परियोजना क्रियाकलापहरू समुदायका सदस्यहरूसँगको सहकार्यमा विकसित गरिनुपर्छ, जसमा परम्परागत रूपमा बहिष्करणमा पर्दै आएका माथि केन्द्रित हुँदै सबैभन्दा उपयुक्त मिति, समय, मौसम, स्थान र सबैको सहभागिता सहज बनाउने प्रक्रिया अवलम्बन गरिएको सुनिश्चित गर्नुपर्छ ।
- अतिरिक्त सामुदायिक पहुँच कार्यक्रम र सान्दर्भिक भएको अवस्थामा अनुकूलित अवधारणामार्फत समुदायका सबैभन्दा संकटासन्न र सीमान्तकृत सदस्यहरूसम्म पुग्न थप प्रयास गरिनुपर्छ जस्तैः परियोजनाका क्रियाकलापमा सहभागी हुननसक्नेहरूका लागि घरदैलो कार्यक्रम र यसका लागि बजेट बिनियोजन गरिनुपर्छ र सबैलाई समावेश गरिनुको महत्वबारे जनचेतना अभिवृद्धि गरिनुपर्छ ।
- हाल सञ्चालित जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रको क्षमता र व्यवहारिकता वृद्धि गर्न, विशेषगरी सूचना व्यवस्थापन गर्ने जिम्मेवारीमा सहयोग उपलब्ध गराइनुपर्छ । परियोजना सञ्चालित जिल्लाहरूमा नयाँ *अनलाईन* जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र सूचना व्यवस्थापन प्रणालीको निरन्तरता र संरक्षण सुनिश्चित गर्न लगानी गरिनुपर्छ, हालसम्म नपुगको जिल्लाहरूमा विस्तार गरिनुपर्छ र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण (DRR) पोर्टलमार्फत तथ्याङ्क आदानप्रदान गर्नेतर्फ काम गर्नुपर्छ ।
- सम्बन्धित विपद् जोखिम न्यूनीकरण सरोकारवालाहरू प्रतिकार्यका लागि तयार रहेको सुनिश्चित गर्न समुदाय, नगरपालिका र जिल्लास्तरमा नियमित रूपमा विपद् पूर्वतयारी अभ्यास गरिनुपर्छ ।
- विपद् जोखिम न्यूनीकरणसम्बन्धी प्रशिक्षक प्रशिक्षणमा स्थानीय गैससका प्रतिनिधिसँगै सरकारी कर्मचारी जस्तैः शिक्षक, एलजीसीडीपी सामाजिक परिचालक र अन्यलाई समावेश गरिनुपर्छ ।
- भरपर्दो र अग्रीम चेतावनी दिने पूर्व सुचना प्रणालीको सम्भाव्यताको समीक्षा गर्नका लागि प्रमाण जुटाउन न्यून खर्च लाग्ने र समुदायको व्यवस्थापनमा चल्ने पहिरो अनुगमन प्रणालीसम्बन्धमा थप अनुसन्धानको आवश्यकता छ ।

## पार्वती, रामेछाप जिल्ला



"हाम्रो समुदायमा मैले धेरै विपद् र त्यसका पीडितहरू देखेको थिएँ तर त्यो विपद् हो, होइन र त्यसलाई कसरी सामना गर्ने भन्ने बारेमा हामीलाई जानकारी थिएन । यो परियोजना आउनु अघि प्राथमिक उपचार भनेको के हो र विपद्का बारेमा मलाई वास्तवमै केही थाहा थिएन ।

परियोजनाबाट मैले प्राथमिक उपचारको तालिम पाएँ र म अहिले सामुदायिक प्राथमिक उपचार कार्यदलको सदस्य हुँ । कुनै घाइतेलाई कसरी प्राथमिक उपचार प्रदान गर्ने भन्नेबारेमा मैले सिकेकी छु र प्राथमिक उपचार मान्छेको जीवन बचाउन कति महत्वपूर्ण हुने रहेछ भन्ने बारेमा पनि मैले जान्ने मौका पाएँ । विपद्का बारेमा र सबै समुदायलाई प्राथमिक उपचारको महत्वका बारेमा परियोजनाबाट म सचेत भएकी छु ।

प्राथमिक उपचारको तालिम सफलतापूर्वक सम्पन्न गरेको छ दिन पछि मेरो पाँच बर्षको छोरा लडेर घाइते भयो र मैले उसको नाडी फ्राक्चर भएको थाहा पाएँ । यहाँबाट सबैभन्दा नजिकको अस्पताल पुग्न तीन घण्टा गाडीमा लाग्छ र बस पनि सधैं नचल्ने हुनाले त्यही दिन पुग्न नसकिने मलाई थाहा थियो । सुरुमा त मैल आफूलाई निरीह भएको महसुस गरें तर मैले सिकेको कुरा सम्झना भयो र प्राथमिक उपचारमा मैले सिकेको त्यही ज्ञान र सीपको उपयोग गरें । भोलीपल्ट मैले छोरालाई अस्पताल लगेँ र त्यहाँ डाक्टरले मैले लगाइदिएको ब्यान्डेजका कारण २० घण्टा पछि अस्पताल पुग्दा पनि त्यो फ्राक्चरलाई थप विग्रनबाट जोगाउने काम गरेको जानकारी दिए र मेरो प्रशंसा गरे । अब कुनै विपद् भएको खण्डमा हुने क्षतिको व्यवस्थापन गर्न ममा आत्मविश्वास बढेको मैले अनुभव गरेकी छु ।"

कृतज्ञता सहित :

| | |
|---|---|
| **आर्थिक सहयोग :** | |
| Funded by European Union Civil Protection and Humanitarian Aid | यूरोपियन कमिसनको यूरोपियन नागरिक संरक्षण र मानवीय सहायता कार्यसञ्चालन विभागले यूरोपियन यूनियन (इयू)को राहत सहायता द्रुत र प्रभावकारी रूपमा आपूर्ति भएको सुनिश्चित गर्ने काम त्यसको दुई प्रमुख माध्यमबाट गर्छ : नागरिक संरक्षण र मानवीय सहायता<br>www.ec.europa.eu/echo |
| **कन्सोर्टियमको नेतृत्व :** | |
| Mission East - values in action | मिसन इस्ट एउटा अन्तर्राष्ट्रिय राहत तथा विकास संस्था हो, जसले विपद् राहत देखि विकास सहयोग लगायतका क्रियाकलापहरूमार्फत समुदायहरूको सङ्गठित हुने र आफैंलाई सहयोग पुर्‍याउने क्षमतालाई समर्थन् गरी संकटासन्न व्यक्तिहरूलाई सहयोग पुर्‍याउने काम नेपालमा र अन्य देशहरूमा गर्दै आएको छ । www.missioneast.org |
| **कन्सोर्टियम साझेदार :** | |
| Save the Children | हरेक बालक/बालिका भविष्यको हकदार छ भन्ने कुरामा सेभ द चिल्ड्रेन विश्वास गर्छ । विश्वभरी हामी बालबालिकालाई जीवनको स्वस्थ सुरुवात प्रदान गर्दै सिक्ने अवसर र हानिबाट संरक्षण उपलब्ध गराउँछौं । बालबालिकाले दैनिक जीवनमा र संकटको समयमा आफ्नो जीवनमा र हाम्रो साझा भविष्यमा रूपान्तरण ल्याउन सक्ने बनाउन आवश्यक सबै उपायको अवलम्बन हामी गर्छौं । www.savethechildren.net |
| **राष्ट्रिय सहयोगी साझेदार :** | |
| DPNet Nepal | नेपाल विपद पूर्वतयारी सञ्जाल नेपालमा विपद् जोखिम व्यवस्थापनको क्षेत्रमा कार्यरत संस्था र व्यक्तिहरूको एउटा राष्ट्रिय सञ्जाल हो ।<br>www.dpnet.org.np |
| NNDSWO | नेपाल राष्ट्रिय दलित सामाजिक कल्याण संघको नेपालमा दलित सशक्तीकरणका लागि पैरवी गरेको लामो इतिहास छ र समाजमा सीमान्तकृत व्यक्तिहरूको समावेशीकरणका लागि संघर्ष गर्दै आएको छ ।<br>www.nndswo.org.np |
| **जिल्ला कार्यान्वयन साझेदार :** | |
| CDS | सामुदायिक विकास समाजले रामेछाप जिल्लामा परियोजनाहरूको कार्यान्वयन गर्दछ । |
| | लिखुदेम्बा सामुदायिक विकास मञ्चले ओखलढुंगा जिल्लामा परियोजनाहरूको कार्यान्वयन गर्दछ । |
| | ग्रामीण विकास टुकी संघले दोलखा जिल्लामा परियोजनाहरूको कार्यान्वयन गर्दछ । |
| टुकी संघ सुनकोशी सिन्धुपाल्चोक | टुकी संघ सुनकोशीले सिन्धुपाल्चोक जिल्लामा परियोजनाहरूको कार्यान्वयन गर्दछ । |
| सहास नेपाल SAHAS-NEPAL | सहयोगी हातहरूको समूह (सहास) नेपालका दुर्गम क्षेत्रहरूमा विशेषगरी देशका गरिब र सामाजिक रूपमा बहिष्कृत समूहहरूमाथि केन्द्रित भएर काम गर्दछ । |


सम्पर्क : मिसन इस्ट नेपाल, जाउलाखेल, ललितपुर, टेलिफोन : ०१-५५३८४१६